**नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष, पदाधिकारी र केन्द्रीय सदस्यहरूको प्रेस विज्ञप्ति**

सरकारद्वारा फेसबुक, एक्स, युट्युबलगायतका सामाजिक सञ्जालहरुमाथि लगाइएको प्रतिबन्धप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । दर्ता नभएको बहानामा सामाजिक सञ्जालमाथि लगाइएको यो प्रतिबन्धले नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथि गम्भीर आघात पुगेको हाम्रो ठहर छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको प्राणवायु हो। नेपालको संविधानले धारा १७, १९ र २७ मार्फत प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हकको निर्बाध उपभोगको प्रत्याभूति गरेको छ। यस्ता संवैधानिक अधिकारलाई कुण्ठित गर्ने र नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने कार्य लोकतन्त्रका विश्वव्यापी मान्यताविपरीत र पूर्णरूपमा अस्वीकार्य कार्य हो ।

सामाजिक सञ्जालको प्रयोगमा देखिएका समस्याहरूलाई समाधान गर्न सार्वभौम संसदबाट कानुन बनाएर व्यवस्थित र पारदर्शी नियमनको बाटो खुला हुँदाहुँदै सामाजिक सञ्जालहरूलाई पूर्णरूपमा बन्द गर्ने सरकारको कठोर र अलोकतान्त्रिक कदमप्रति हामी गम्भीर आपत्ति प्रकट गर्दछौं। यो कदमले लोकतान्त्रिक मूल्यमान्यता र नागरिक स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाएको छ ।

सरकारको कदमले विदेशमा रहेका लाखौं नागरिक र उनको परिवारबीचको सम्पर्क टुटाएको मात्र छैन्, बालबालिकाको सिकाईमा दीर्घकालीनरुपमा प्रभाव पर्ने देखिएको छ । हजारौं व्यक्तिको रोजीरोटीसमेत बन्द भएको छ ।

नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने कार्य लोकतन्त्रमा किमार्थ स्वीकार्य हुन सक्दैन । हामी सरकारसँग बन्द गरिएका सामाजिक

सञ्जालहरू तत्काल खुला गरी अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको सम्मान गर्न जोडदार माग गर्दछौं ।

साथै, सामाजिक सञ्जालको नियमनका लागि सरोकारवाला निकाय तथा विज्ञहरूको सहभागितामा अध्ययन कार्यदल गठन गरी दीर्घकालीन र विधिसम्मत समाधान खोज्न सरकारलाई आह्वान गर्दछौं ।

साथै सरकारलाई दवाव दिनका लागि मिति २०८२ भदौ २२ गते आइतवार दिउँसो २ बजे माइतिघर मण्डलामा विरोध प्रदर्शनको आव्हान गरिएको छ । उक्त विरोध प्रदर्शनमा सहभागी हुन सम्पूर्ण प्रेस तथा नागरिक स्वतन्त्रताका पक्षधरहरुलाई आग्रह गर्दछौं ।

हामी प्रेस स्वतन्त्रता र नागरिक अधिकारको रक्षाका लागि सधैं प्रतिबद्ध रहनेछौं ।

१. तारानाथ दाहाल - पूर्व अध्यक्ष

२. गोविन्द आचार्य - पूर्व अध्यक्ष

३. रमेश विष्ट - पूर्व कार्यवहाक अध्यक्ष

४. खिल बहादुर भण्डारी - पूर्व उपाध्यक्ष

५. उदय जिएम - पूर्व उपाध्यक्ष

६. रोशन पुरी - पूर्व महासचिव

७. ध्रुव लम्साल - पूर्वसचिव

८. प्रकाश थापा - पूर्व सचिव

९. पवन आचार्य - पूर्व सचिव

१०. लक्ष्मी पुन - पूर्व सचिव

११. धमेन्द्र कर्ण - पूर्व सचिव

१२. लेखनाथ न्यौपाने - पूर्व लेखा समिति संयोजक

१३. अजय फुँयाल - पूर्व केन्द्रिय सदस्य

१४. उज्वल आचार्य - पूर्व केन्द्रिय सदस्य

१५. प्रकाश तिमल्सिना - पूर्व केन्द्रिय सदस्य

१६. दिपेन्द्र कुँवर - पूर्व केन्द्रिय सदस्य

१७. माधव दुलाल - पूर्व केन्द्रिय सदस्य,

१८. ध्रुव रावल पूर्व - केन्द्रिय सदस्य

१९. भिषण राई पूर्व - केन्द्रिय सदस्य

२०. माधव पौडेल - पूर्व केन्द्रिय सदस्य

२१. विकाश कार्की - पूर्व केन्द्रिय सदस्य,

२२. कृति भट्टराई - पूर्व केन्द्रिय सदस्य